**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०४ सितम्बर २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मू प्रधान मन्त्रि नरेन्द्र मोदी अनि लोकसभा अध्यक्ष ओम बिरलाले ले जन्माष्टमीको अवसरमा देशवासीहरूलाई शुभकामना दिनुभएको छ।

- भारत-बेल्जियम संयुक्त वक्तव्य भारत र बेल्जियमले हिज व्यापार, लगानी र आर्थिक सहयोगलाई अझ सुदृढ पार्ने प्रतिबद्धता दोहोऱ्याको छ।

- वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयलले मोटर वाहन उद्योग सित स्थानीयकरणलाई बढ़ावा दिने, निर्यात बढ़ाउने अनि विश्व बाजारको मांगलाई पूरा गर्नको लागि तैयार रहने आह्वान गर्नु भयो।

- गृह मन्त्रालयले नेपालमा आएको बाढीपछि बेपत्ता भएका भारतीय नागरिकहरूको डीएनए प्रोफाइलिङ गराउन केन्द्रीय फरेन्सिक विज्ञान, राज्य फरेन्सिक तथा राष्ट्रिय फरेन्सिक विज्ञान विश्वविद्यालयका प्रयोगशालाहरूको सेवा उपलब्ध गराइनेछ।

- भारतले चीनको हांगकांग टीम विरुद्ध 'महिला एशिया कप 2026' को सातौ म्याचमा हिज एक सय सैंतीस रनको ठुलो जित हासिल गरेको छ ।

**जन्माष्टमी**

भगवान श्रीकृष्णको जन्मोत्सवको पर्व जन्माष्टमी आज देशभरि श्रद्धा र उल्लासका साथ मनाइँदैछ। मन्दिर तथा घरहरूमा सजावट गरिएको छ। त्यस्तै, उत्तर प्रदेशमा भगवान श्रीकृष्णको नगरी मथुरा–वृन्दावनमा जन्माष्टमीको भव्य आयोजनाका लागि तयारी पूरा भएको छ। मुख्यमन्त्री योगी आदित्यनाथ आज मथुरामा आयोजना हुने जन्माष्टमी समारोहमा सहभागी हुनुहुनेछ। श्रद्धालुहरूको ठूलो भीडलाई ध्यानमा राख्दै सुरक्षाको कडा व्यवस्था गरिएको छ।
राष्ट्रपति द्रौपदी मुर्मू प्रधान मन्त्रि नरेन्द्र मोदी अनि लोकसभा अध्यक्ष ओम बिरलाले ले जन्माष्टमीको अवसरमा देशवासीहरूलाई शुभकामना दिनुभएको छ। उहाँले भगवान श्रीकृष्णको जीवन र उहाँका शिक्षाहरूले भारतको सांस्कृतिक तथा दार्शनिक विरासतलाई नयाँ दिशा प्रदान गर्ने बताउनुभएको छ। उहाँले श्रीमद्भगवद्गीताका शिक्षाहरूले कठिन समयमा सही निर्णय लिन तथा नैतिक मूल्यहरूमा अडिग रहन प्रेरणा दिने बताउनुभयो।

नागाल्यान्डका मुख्यमन्त्री नेफ्यू रियोले जन्माष्टमीको अवसरमा मानिसहरुलाई शुभकामना दिनुभएको छ। उहाँले यस पावन पर्वले शान्ति, सद्भाव तथा आपसी भाइचाराको भावना अझ सुदृढ बनाउने आशा व्यक्त गर्नुभएको छ।

**भारत-बेल्जियम संयुक्त वक्तव्य**

भारत-बेल्जियम संयुक्त वक्तव्य भारत र बेल्जियमले हिज व्यापार, लगानी र आर्थिक सहयोगलाई अझ सुदृढ पार्ने प्रतिबद्धता दोहोऱ्याको छ। प्रधानमन्त्री नरेन्द्र मोदी र बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभर बीचको वार्ता पछि जारी संयुक्त विज्ञप्तिमा, दुई नेताहरूले द्विपक्षीय व्यापारमा विभिन्न क्षेत्रहरूको बढ्दो सहभागितालाई स्वागत गर्नु भएको छ। दुई देशले आगामी पाँच वर्षमा द्विपक्षीय व्यापार दोब्बर गर्ने महत्वाकांक्षी लक्ष्य राखेका छन्। उहाँहरूले औषधि, जीव विज्ञान, सेमी कन्डक्टर, रक्षा उत्पादन, महत्वपूर्ण खनिज, नवीकरणीय ऊर्जा, बन्दरगाह, रसद, अन्तरिक्ष र उन्नत प्रविधि जस्ता क्षेत्रहरूमा सहयोगको विशाल

सम्भावना पहिचान गर्नु भयो। दुई नेताहरूले भारत-युरोपीय संघ मुक्त व्यापार सम्झौतामा वार्ताको सफल समापनलाई स्वागत गर्नु भयो र यसको समयमै कार्यान्वयनको लागि आह्वान गर्नु भयो। उहाँहरूले भारत-युरोपीय संघ लगानी संरक्षण सम्झौता र भौगोलिक संकेत सम्झौतामा वार्ताको चाँडै निष्कर्ष निकाल्न पनि आग्रह गर्नु भयो। बेल्जियमले आतंकवाद विरुद्धको लडाईमा भारतसँग ऐक्यबद्धता व्यक्त गरे र पहलगाम आतंकवादी आक्रमणको निन्दा गरेको छ।

Byte

**विदेश मंत्री**

विदेशमन्त्री सुब्रह्मण्यम जयशंकर भन्नु भयो भारतले सधैँ भनेको छ आजको युग युद्धको युग होइन र यसको कुनै समाधान हुनेछैन। श्री जयशंकरले युक्रेनको किभमा विदेश मन्त्री एन्ड्री सिबिहा सितको भेट पछि यो कुरा भन्नु भयो। श्री जयशंकरले दुई दिन अघि किर्गिस्तानको बिश्केकमा प्रधानमन्त्री नरेन्द्र मोदीले दिएको भनाइलाई दोहोर्याउनु भयो। प्रधान मन्त्री मोदीले भन्नु भएको थियो अब अन्त्यहीन युद्ध समाप्त हुनुपर्छ। विदेश मन्त्रीले भन्नु भयो संघर्षको प्रत्येक दिनहरूमा केवल अधिक मृत्यु र अधिक विनाश हुन्छ। उहाँले रूस र युक्रेनबीचको द्वन्द्व समाप्त गर्न भारतबाट हरसम्भव सहयोगको आश्वासन दिनुभयो। यस्ता संघर्षहरूको समयमा व्यावसायिक जहाजहरूमा भएको आक्रमणको उल्लेख गर्दै श्री जयशंकरले भन्नु भयो यसले ग्लोबल साउथका धेरै देशहरूलाई प्रभावित गर्दछ र यसले इन्धन, मल र खाद्यान्नको अभाव निम्त्याउँछ।

**सरकार-एफसीआरए समिति**

सरकारले **विदेशी अंशदान (विनियमन) संशोधन विधेयक, 2026 को** जांचको लागि 31 सदस्यीय संयुक्त संसदीय समिति गठन गरेको छ। लोकसभा सांसद संजय जायसवाललाई समितिको अध्यक्ष बनाइएको छ। समितिले विधेयकको प्रावधानहरु अनि प्रस्तावित संशोधनहरु माथि विचार गर्नेछ।

**गोयल- उद्योग**

वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयलले मोटर वाहन उद्योग सित स्थानीयकरणलाई बढ़ावा दिने, निर्यात बढ़ाउने अनि विश्व बाजारको मांगलाई पूरा गर्नको लागि तैयार रहने आह्वान गर्नु भयो। श्री गोयल, हिज नयाँ दिल्लीमा **सोसाइटी ऑफ इंडियन ऑटोमोबाइल मैन्युफैक्चरर्स** को 66 औं वार्षिक सम्मेलनलाई सम्बोधन गरिरहनु भएको थियो। उहाँले उद्योगबाट भारतको बढ्दो व्यापारिक साझेदारि, बढ्दो घरेलू बाजार अनि विनिर्माणमा वैश्विक बदलावबाट उत्पन्न अवसरहरुको लाभ उठाउन आग्रह गर्नु भयो। केन्द्रीय मंत्रीले आउने वर्षहरुमा **ऑटोमोटिव क्षेत्र** भारतको विकास गाथाको सबै भन्दा महत्वपूर्ण चालकहरु मध्ये एक हुने पनि बताउनु भयो।

**नेपाल सहायता**

भारतले थप दुई विमान मार्फत राहत सामग्रीको नयाँ खेप नेपाल पठाएको छ। भारतीय विदेश मन्त्रालयका अनुसार नेपालका लागि 21 दसमलव पाँच टन राहत सामग्री बोकेको दुई वटा C–130 J विमान विमान काठमाडौं पुगेको छ। राहत सामग्रीको नयाँ खेप नेपालका विज्ञान, प्रौद्योगिकी तथा नवाचार मंत्री महाबीर पुनलाई हस्तान्तरण गरिएको छ। यो सहयोगले बाढी प्रभावित क्षेत्रमा जारी राहत र उद्धार कार्यमा सहयोग गर्नेछ।

**गृह मन्त्रालय – डीएनए प्रोफाइलिङ**

गृह मन्त्रालयले नेपालमा आएको बाढीपछि बेपत्ता भएका भारतीय नागरिकहरूको डीएनए प्रोफाइलिङ गराउनेछ। यसका लागि केन्द्रीय फरेन्सिक विज्ञान, राज्य फरेन्सिक तथा राष्ट्रिय फरेन्सिक विज्ञान विश्वविद्यालयका प्रयोगशालाहरूको सेवा

उपलब्ध गराइनेछ। विदेश मन्त्रालयका अनुसार, भारतमा रहेका आफन्तहरूले तोकिएका केही सुविधाहरूमा आफ्नो जैविक नमुना संकलन गराई डीएनए प्रोफाइल जाच गराउन सक्नेछन्।

नेपाल पुलिसको सल्लाहअनुसार, नेपाली अधिकारीहरूले सूचित गरेका प्राविधिक आवश्यकताहरूको अधीनमा रही पहिचानको उद्देश्यले अटोसोमल एसटीआर (STR) डीएनए प्रोफाइलिङ गर्न सकिनेछ। यस सम्बन्धमा हेल्पलाइन नम्बर: +977 9841 6160 95 रहेको छ | डीएनए प्रोफाइल, नेपाली अधिकारीहरूले आवश्यक ठहर गरेका प्रारम्भिक जानकारीसहित, अज्ञात शवहरूबाट प्राप्त डीएनए प्रोफाइलसँग तुलना गर्न dnacodis@nepalpolice.gov.np मा इमेलमार्फत पठाउन सकिनेछ।

**इसरो – उपग्रह**

भारतले अन्तरिक्ष क्षेत्रमा अर्को ठूलो सफलता हासिल गरेको छ। भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन-इसरोले आज बिहान श्रीहरिकोटाबाट जीएसएलभी-एफ **जी.एस.एल.वी- एफ 17** रकेटद्वारा पृथ्वी अवलोकन उपग्रह **ई.ओ.एस-05** को सफल प्रक्षेपण गरेको छ। इसरोका अनुसार प्रक्षेपणको लगभग 18 मिनेटपछि भारतको पहिलो इमेजिङ उपग्रहलाई जियोसिन्क्रोनस कक्षमा सफलतापूर्वक स्थापित गरिएको थियो। ई.ओ.एस-05 ले वास्तविक समय छविहरू प्रदान गर्नेछ। यसले कृषि र आपदा व्यवस्थापन जस्ता क्षेत्रहरूमा मद्दत गर्नेछ। इसरोका अध्यक्ष वी. नारायणनले यस मिशनले भारतको पृथ्वी अवलोकन क्षमतालाई अझ बलियो बनाउने बताउनु भयो।

**संशो. महिला- एशिया कप**

भारतले चीनको हांगकांग टीम विरुद्ध 'महिला एशिया कप 2026' को सातौ म्याचमा हिज एक सय सैंतीस रनको ठुलो जित हासिल गरेको छ। यसको साथै भारतीय महिला क्रिकेट टीमले सेमीफाइनलमा स्थान सुनिस्चित गरेको छ। दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा टस हारेर ब्याटिङका लागि उत्रिएको भारतीय टोलीले ओपनर स्मृति मन्धानाको शतकको सहायताले पाँच विकेट गुमाएर एक सय 93 रन बनाएको थियो। मंधानाले शेफाली वर्मा सित ग ओपनर जोडीको रुपमा 48 बलमा 74 रनको साझेदारी गरिन्। जवाफमा चीनले 16 ओभर दुइ बलमा छप्पन ५६ रन मात्र बनाउन सक्यो। शीर्ष स्थानमा रहेको भारतले समूह चरणको अन्तिम खेल भोलि पाकिस्तान सित खेल्नेछ। पाकिस्तान आफ्नो पहिलो खेल जितेर दोस्रो स्थानमा छ।